आज मिति २०७५ साल आश्विन ०१ गते विहान ८:०० बजे मनहरी गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री एकराज उप्रेतीज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा बसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| श्री एकराज उप्रेती | गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| श्री मनिला विष्ट | गाउँपालिका उपाध्यक्ष | सदस्य |
| श्री आनन्द घलान | २ नं. वडा अध्यक्ष | सदस्य |
| श्री गोपिलाल मोक्तान | ६ नं. वडा अध्यक्ष | सदस्य |
| श्री ठाकुरराम तितुङ्ग | ७ नं. वडा अध्यक्ष | सदस्य |
| श्री दिलबहादुर स्याङ्तान | ८ नं. वडा अध्यक्ष | सदस्य |
| श्री ध्रुव खड्का | ४ नं. वडा अध्यक्ष | सदस्य |
| श्री मान बहादुर स्याङ्तान | ३ नं. वडा अध्यक्ष | सदस्य |
| श्री साधुराम अधिकारी | ९ नं. वडा अध्यक्ष | सदस्य |
| श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | सदस्य |
| श्री शुभराज थिङ्ग | ५ नं. वडा अध्यक्ष | सदस्य |
| श्री कृष्ण विडारी | महिला सदस्य | सदस्य |
| श्री पम्फा रोक्का | महिला सदस्य | सदस्य |
| श्री राधा देवि खकुराल पाठक | महिला सदस्य | सदस्य |
| श्री राममाया प्रजा चेपाङ | महिला सदस्य | सदस्य |
| श्री गीता कुमारी प्रजा | दलित वा अल्पसंख्यक सदस्य | सदस्य |
| श्री नबिन गङ्तान लामा | प्रमुख प्रशासकीय अधिकृत | सचिव |

आमन्त्रित/बैठक सहयोगी

निर्णय नं.१

यहि मिति २०७५ साल असोज ३ गते चौथो संबिधान दिवसको उपलक्ष्यमा ३ नम्बर प्रदेशका माननीय मुख्यमन्त्री श्री डोरमणी पौडेलज्यूको प्रमूख आतिथ्यमा रजैया लामेटार सडक जोड्ने पुलको समुद्‌घाटन, आ.व. ०७४/७५ मा गाउँपालिकाबाट भएका गतिविधिहरुको प्रगति विवरण सार्वजनिक तथा चालु आ.व.को बजेट तथा कार्यक्रमको सार्वजनिक गर्ने निर्णय गरियो। साथै सो अवसरमा स्थानीय पत्रकार श्री शिबकुमार रिजाल लाई नगद रु८०००।, कान्तिपुर दैनिकका पत्रकार श्री प्रताप बिष्टलाई नगद रु१५००० मिस मनहरी श्री नमुना सापकेटा र मिष्टर ह्याण्डसम अबिन गुरुङलाई रु५०००/५०००, आर्चरी खेलाडी श्री कृष्णमाया स्याङ्तानलाई रु२००००।राष्ट्रीय स्तरको नाच प्रतियोगीता छमछमी सिजन २ का बिजेता सरोज प्रजालाइ रु५०००। खर्च शिर्षक नम्बर २२५२२ कार्यक्रम खर्च बाट खर्च लेखे गरी सम्मान गर्ने निर्णय गरियो ।सो अवसरमा उत्कृष्ट उपभोक्ता समिति, विद्यालय,अधिक कर तिर्ने करदाता लगायतलाई सम्मान गर्ने निर्णय गरियो ।

निर्णय नं.२

मनहरी गाउँपालिकालाई बालमैत्री स्थानीय शासन अवलम्बन तथा घोषणाको सम्बन्धमा वडा स्तरीय अभिमुखिकरण तपशील बमोजिम गरिने निर्णय गरियो ।सो कार्यको लागी लाग्ने स्वीकृत प्रस्तावनाको खर्च चालु खर्च शीर्षकको वडा बाल संरक्षण समिति गठन र सोको परिचालन शीर्षकबाट व्यहोर्ने निर्णय गरियो ।

| क.स. | वडा नम्बर | मिति |
|---|---|---|
| १ | ९ | २०७५ असोज ६ |
| २ | ८ | २०७५ असोज ८ |
| ३ | ७ | २०७५ असोज ९ |
| ४ | ६ | २०७५ असोज १० |
| ५ | ५ | २०७५ असोज ११ |
| ६ | ४ | २०७५ असोज १२ |
| ७ | ३ | २०७५ असोज १३ |
| ८ | २ | २०७५ असोज १४ |
| ९ | १ | २०७५ असोज १५ |

निर्णय नं.३

मनहरी गाउँपालिकामा कार्यरत बालमैत्री स्वयम सेवकहरुलाई मिति २०७५ असोज ४ र ५ गते अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।सो कार्यमा लाग्ने स्वीकृत प्रस्तावनाबमोजीमको रकम चालु खर्च शीर्षक बालमैत्री स्थानिय शासन प्रवर्द्धनका लागी सहजकर्ता परिचालन कार्यक्रमवाट व्यहोर्ने निर्णय गरियो ।

एकराज उप्रेती
अध्यक्ष